स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

गोरखापत्र

# समृद्धिका लागि जलस्रोतको उच्चतम उपयोग : अर्थमन्त्री

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ ५ गते*



उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालको आर्थिक विकास र समृद्धि यात्राको सार्थकताका लागि बहुराष्ट्रिय कम्पनीहरू आवश्यक रहेको र त्यसका लागि सरकारले प्रोत्साहनमूलक नीति लिइरहेको बताउनुभएको छ।

बुधबार इप्पान र उपायको संयुक्त आयोजनामा आयोजित जलविद्युत्मा लगानी सम्भावनाको खोजीसम्बन्धी कार्यक्रममा बोल्दै मन्त्री पौडेलले नेपालको समृद्धिका लागि जलस्रोतको उच्चतम उपयोग गर्नुपर्ने र जलविद्युत्को खपत पनि स्वदेशभित्र प्रवर्धन गर्नुपर्ने उल्लेख गर्नुभयो।

यसकै लागि पनि बहुराष्ट्रिय कम्पनी आवश्यक रहेको उहाँको भनाइ थियो। ऊर्जा क्षेत्रमा लगानी प्रवर्धन आवश्यक रहेको भन्दै वैदेशिक लगानी भित्र्याउन सरकारले अधिकतम पहल गरिरहेको उल्लेख उहाँले गर्नुभयो । "नेपालको अधिकतम उत्पादन नेपालमै खपत हुने गरी ठुला ठुला बहुराष्ट्रिय कम्पनीलाई नेपालमा उद्योग लगाउन प्रोत्साहन गर्ने नीति सरकारले लिने छ," मन्त्री पौडेलले भन्नुभयो।

ऊर्जा उत्पादनमा समय र लगानी लगाएका ऊर्जा उद्यमीले समस्या छन् भनेर थाक्न नपाइने भन्दै मन्त्री पौडेलले समस्या एक/एक गरी समाधान गर्न बृहत् छलफलमा आउन ऊर्जा उद्यमीहरूलाई आग्रह गर्नुभयो।

नेपालको ऊर्जा क्षेत्रमा हालसम्मका उपलब्धिलाई पर्याप्त मानेर बस्न नहुने भन्दै उहाँले हिउँदमा पनि विद्युत् आयात गर्न नपर्ने ठाउँमा नेपाललाई छिटो पुऱ्याउनुपर्नेमा जोड दिनुभयो। स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले नेपाली बैङ्कहरूले विदेशी लगानीका ठुला विद्युत् आयोजनामा ऋण लगानी गरेका कारण स्वदेशी जलविद्युत् आयोजनाले लगानी नपाएको दाबी गर्नुभयो।

"बैङ्कहरूसँग जलविद्युत्मा गर्ने लगानीको एउटा सानो सीमा छ," कार्कीले भन्नुभयो, "विदेशी लगानीका आयोजनामा गरिएको ऋण लगानी देखाउँदै स्वदेशी जलविद्युत् आयोजनामा लगानी गर्न सीमा सकियो भन्छन्, विदेशी लगानीका आयोजनामा गरिएको लगानीलाई सीमाभन्दा बाहिर राख्ने वा विदेशी लगानीका आयोजनामा नेपाली बैङ्कले लगानी गर्न नपाउने व्यवस्था गर्न आवश्यक भइसकेको छ।"

कार्यक्रममा प्रस्तावित विद्युत् विधेयकले नेपाली निजी क्षेत्रलाई निस्तेज गर्न खोजेको, निर्माणाधीन ३० भन्दा बढी जलविद्युत् आयोजनाले आइपिओ निष्कासनका लागि धितोपत्र बोर्डमा निवेदन दिएकोमा लामो समयदेखि अनुमति नदिइएको, स्थानीय तहबाट दोहोरो कर माग गरिएको, एक प्रतिशत भन्सारमा हुने काममा २८ प्रतिशत भन्सार पुऱ्याइएको र सरकारले दिन्छु भनेको प्रतिमेगावाट ५० लाख रुपियाँ भ्याट छुट अहिलेसम्म पनि नपाएको भन्दै अध्यक्ष कार्कीले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको ध्यानाकर्षण गराउनुभएको थियो। कार्यक्रममा अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) का नेपाल निर्देशक बाबाकर फायले आइएफसीले नेपालको निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिएको उल्लेख गर्नुभयो। उहाँले ऊर्जा परियोजनामा लगानी गर्दै आएको र भोलिका दिनमा पनि नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाउन तयार रहेको जानकारी दिनुभयो।

कार्यक्रममा डोल्मा इम्प्याक्ट फन्डका कार्यकारी निर्देशक विद्यावारिधी सिग्देलले नेपाली बैङ्कहरूले बर्सेनि ४०/५० अर्ब रुपियाँ मात्रै ऊर्जामा लगानी गर्न सक्ने भएकाले स्वदेशी लगानीबाटै १० हजार मेगावाट उत्पादन गर्न ४० वर्षभन्दा बढी समय लाग्ने बताउनुभयो।

लोकप्रिय राष्ट्रिय दैनिक

www.rajdhanidaily.com

# राजधानी

# 'जलविद्युत्‌मा विदेशी लगानी ल्याउन सरकारले वातावरण बनाउँछ'

**राजधानी समाचारदाता**
काठमाडौं

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालको ऊर्जा क्षेत्रमा विदेशी लगानी ल्याउन सरकारले वातावरण निर्माण गर्ने बताएका छन् ।

बुधबार स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान) र उपायको संयुक्त आयोजनामा काठमाडौंमा आयोजित अनलकिङ इन्भेस्कटमेन्ट कार्यक्रममा अर्थमन्त्री पौडेलले यस्तो बताएका हुन् ।



उनले नेपालको समृद्धिका लागि जलस्रोतको उच्चतम उपयोग गर्नुपर्ने भन्दै ऊर्जा उत्पादन र निर्यातभन्दा पनि ऊर्जाको आन्तरिक खपतमा जोड दिनुपर्ने बताए। उनले नेपालको अधिकतम उत्पादन नेपालमै खपत हुनेगरी ठूलाठूला बहुर्राष्ट्रिय कम्पनीलाई नेपालमा उद्योग लगाउन प्रोत्साहन गर्ने नीति सरकारले लिने बताए।

ऊर्जा उत्पादनमा समय र जवानी लगाएका ऊर्जा उद्यमीहरूले समस्या छन् भनेर थाक्न नपाइने भन्दै उनले समस्याहरू एकएक गरी समाधान गर्न बृहत् छलफलमा आउन ऊर्जा उद्यमीलाई आग्रह गरे ।

नेपालको ऊर्जा क्षेत्रको यतिको प्रगतिलाई प्रगति मानेर बस्न नहुने भन्दै उनले हिउँदमा पनि विद्युत् आयात गर्न नपर्ने ठाउँमा नेपाललाई छिटो पुऱ्याउनुपर्नेमा जोड दिए ।

इप्पानका अध्यक्ष गणेश कार्कीले नेपाली बैंकले विदेशी लगानीका ठूला विद्युत् आयोजनामा ऋण लगानी गरेका कारण स्वदेशी जलविद्युत् आयोजनाले लगानी नपाएको बताए ।

'बैंकसँग जलविद्युत्‌मा गर्ने लगानीको एउटा सानो सीमा छ ।' कार्कीले भने, 'विदेशी लगानीका आयोजनामा गरिएको ऋण लगानी देखाउँदै स्वदेशी जलविद्युत आयोजनामा लगानी गर्न सीमा सकियो भन्छन्, विदेशी लगानीका आयोजनामा गरिएको लगानीलाई सीमाभन्दा बाहिर राख्ने वा विदेशी लगानीका आयोजनामा नेपाली बैंकले लगानी गर्न नपाउने व्यवस्था गर्न आवश्यक भइसकेको छ ।'

कार्यक्रममा विद्युत् विधेयकले नेपाली निजी क्षेत्रलाई निस्तेज गर्न खोजेको, निर्माणाधीन ३० भन्दा बढी जलविद्युत् आयोजनाले आईपीओ निष्कासनका लागि धितोपत्र बोर्डमा निवेदन दिएकामा लामो समयदेखि अनुमति नदिएर आयोजनालाई समस्यामा पारेको, स्थानीय तहबाट दोहोरो कर माग गरिएको, १ प्रतिशत भन्सारमा हुने काममा २८ प्रतिशत भन्सार पुऱ्याइएको र सरकारले दिन्छु भनेको प्रतिमेगावाट ५० लाख रुपैयाँ भ्याट छुट अहिलेसम्म पनि नपाएको भन्दै अध्यक्ष कार्कीले सरकारको ध्यानाकर्षण गराएका थिए ।

कार्यक्रममा आईएफसीका नेपाल निर्देशक बाबाकर फायले आईएफसीले नेपालको निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिएको बताए। उनले ऊर्जा परियोजनामा लगानी गर्दै आएको र भोलिका दिनमा पनि नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाउन तयार रहेको बताए ।

डोल्मा इम्प्याक्ट फन्डका कार्यकारी निर्देशक विद्यावारिधि सिग्देलले नेपाली बैंकहरूले बर्सेनी ४०/५० अर्ब रुपैयाँ मात्रै ऊर्जामा लगानी गर्न सक्ने भएकाले स्वदेशी लगानीबाटै १० हजार मेगावाट उत्पादन गर्न ४० वर्षभन्दा बढी समय लाग्ने बताए । उनले विदेशी लगानी लिएर ऊर्जाको दीगो विकास गर्न सकिनेमा जोड दिँदै त्यसका लागि नेपाली जलविद्युत् उद्यमीले वातावरण, समाज र सुशासन (ईएसजी)मा जोड दिनुपर्ने बताए ।

यसैगरी, उपायका कार्यकारी निर्देशक सुमन रायमाझीले उपायमा विदेशी लगानी नल्याएको भए अहिले यो उचाई लिन नसकिने भन्दै ऊर्जा आयोजनाले पनि विदेशी लगानी ल्याउन ईएसजीलाई ख्याल गरेर अघि बढ्नुपर्ने बताए ।

आर्थिक अभियान

www.abhiyandaily.com

# ऊर्जा क्षेत्रको लगानीमा पीईभीसीको चासो

काठमाडौं (अस) । सरकारले सन् २०३५ सम्ममा २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादनको रणनीतिक कार्ययोजनासहित ऊर्जा क्षेत्रको विकासलाई प्राथमिकता दिएपछि यस क्षेत्रमा लगानी गर्न प्राइभेट इक्विटी र भेन्चर क्यापिटल फण्ड (पीईभीसी)ले पनि चासो देखाउन थालेका छन् । ऊर्जा क्षेत्रको लगानी सुरक्षित र प्रतिफल पनि राम्रो भएकाले अन्तरराष्ट्रिय विकास कोषहरू र स्वदेशी पूँजीबाट स्थापित क्यापिटल फण्डले लगानीमा चासो देखाएका हुन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र उपायको संयुक्त आयोजनामा काठमाडौंमा बुधवार आयोजित 'अनलकिङ इन्भेष्टमेन्ट' विषयक कार्यक्रममा वक्ताहरूले ऊर्जा क्षेत्रको विकासका लागि पूँजी जुटाउन पीईभीसी उपयुक्त विकल्प हुने बताए । यस्ता फण्डका लागि ऊर्जा लगानीको राम्रो क्षेत्र रहेको उनीहरूको जोड थियो ।

कार्यक्रममा कार्यपत्र पेश गर्दै इप्पान कार्यसमिति सदस्य सुमन जोशीले ऊर्जा उत्पादकहरू लगानी खोज्दै प्रस्ताव लिएर पीईभीसीमा जान थालेको बताइन् । 'अहिले सबै प्राइभेट इक्विटी र भेन्चर क्यापिटल फण्डमा कुनै न कुनै आयोजनामा लगानीको प्रस्ताव छ,' उनले भनिन्, 'लगानी गर्ने र लगानी जुटाउने दुवै पक्षका लागि राम्रो अवसर हो ।'

सरकारको रणनीति अनुसार २८ हजार ५ सय मेगावाट ऊर्जा उत्पादनका लागि ६१ खर्ब लगानी आवश्यक पर्छ । त्यसमा पीईभीसीले लगानी गर्न सक्ने जोशीले बताइन् । यस्ता फण्डको लगानीलाई सरकार र राष्ट्र बैंकको नीतिले प्रोत्साहन गरेको पनि उनले बताइन् । तर, यस्ता फण्डले कम्पनीलाई छिटो सार्वजनिक शेयर निष्कासन गर्न लगाई आफू बाहिरिने नीति लिने भएकाले अप्ठ्यारो हुने गरेको उनको गुनासो थियो ।

कार्यक्रममा डोल्मा इम्प्याक्ट फण्डका कार्यकारी निर्देशक विद्यावारिधि सिग्देलले नेपाली बैंकहरूले वर्षेनि ४०-५० अर्ब रुपैयाँ मात्र ऊर्जामा लगानी गर्न सक्ने भएकाले स्वदेशी लगानीबाटै १० हजार मेगावाट उत्पादन गर्न ४० वर्षभन्दा बढी समय लाग्ने बताए । विदेशी लगानी लिएर ऊर्जाको दिगो विकास गर्न सकिनेमा जोड दिँदै उनले त्यसका लागि नेपाली जलविद्युत् उद्यमीले वातावरण, समाज र सुशासन (ईएसजी) मूल्यांकन गर्नुपर्नेमा जोड दिए ।

उपायका कार्यकारी निर्देशक सुमन रायमाझीले उपायमा विदेशी लगानी नल्याएको भए आज यो उचाइ लिन नसकिने भन्दै ऊर्जा आयोजनाले पनि विदेशी लगानी ल्याउन ईएसजीलाई ध्यानमा राखेर अघि बढ्नुपर्ने सुझाव दिए । अन्तरराष्ट्रिय वित्त निगम (आईएफसी)का नेपाल निर्देशक बाबाकर फायले आईएफसीले नेपालको निजीक्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिएको बताए । संस्थाले ऊर्जा परियोजनामा लगानी गर्दै आएको र भोलिका दिनमा पनि नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाउन तयार रहेको उनको भनाइ छ ।

**इप्पानका अध्यक्ष गणेश कार्कीले नेपाली बैंकले विदेशी लगानीका ठूला विद्युत् आयोजनामा ऋण लगानी गरेकाले स्वदेशी आयोजनाले लगानी नपाएको बताए ।**

कार्यक्रममा इप्पानका अध्यक्ष गणेश कार्कीले नेपाली बैंकहरूले विदेशी लगानीका ठूला विद्युत् आयोजनामा ऋण लगानी गरेकाले स्वदेशी जलविद्युत् आयोजनाले लगानी नपाएको बताए । विदेशी लगानीका आयोजनामा गरिएको लगानीलाई बैंकहरूले जलविद्युत् क्षेत्रमा अनिवार्य लगानी गर्नुपर्ने सीमाभित्र नराख्न उनले सुझाव दिए ।

अध्यक्ष कार्कीले निर्माणाधीन ३० भन्दा बढी जलविद्युत् आयोजनाले आईपीओ निष्कासनका लागि धितोपत्र बोर्डमा निवेदन दिएकोमा लामो समयदेखि अनुमति नपाएको, स्थानीय तहबाट दोहोरो कर माग गरिएको, १ प्रतिशत भन्सारमा हुने काममा २८ प्रतिशत भन्सार पुऱ्याइएको र सरकारले दिन्छु भनेको प्रतिमेगावाट ५० लाख रुपैयाँ भ्याट छूट अहिलेसम्म नपाएको गुनासो गरे ।

कार्यक्रममा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले नेपालको ऊर्जा क्षेत्रमा विदेशी लगानी ल्याउन सरकारले वातावरण बनाउने प्रतिबद्धता व्यक्त गरे । ऊर्जा उत्पादन र निर्यातमा भन्दा पनि आन्तरिक खपतमा जोड दिनुपर्ने भन्दै उनले यसका लागि ठूला ठूला बहुराष्ट्रिय कम्पनीलाई नेपालमा उद्योग लगाउन प्रोत्साहन गर्ने नीति सरकारले लिने बताए ।

मध्यान्ह
राष्ट्रिय दैनिक

# जलविद्युत आयोजनाका आईपीओ रोकिँदा समस्या : अध्यक्ष कार्की

**काठमाडौं ⁄मस –** स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले १४ महिनामा ३० भन्दा बढी आयोजनाहरुहरुको आईपीओका लागि सेवनमा रोकिएको बताएका छन् । बुधवार स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) र उपायले आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष कार्कीले यस्तो बताएका हुन् । उनले पछिल्लो समय शेयरमार्फत् जलविद्युतमा नेपालभित्र लगानी गर्ने वातावरण बनाउनुपर्ने बताए । उनले भने, 'विगत १४ महिना भन्दा बढी ३० भन्दा बढी आयोजनाहरु सेवनमा रोकिएको छ, जलविद्युत आयोजनामा ३० प्रतिशत लगानी आईपीओबाट संकलन गर्ने योजना बनाएका हुन्छौं । आईपीओबाट पनि आउन सकेन र इकुटी हालेर पनि आयोजनाहरु अगाडि लैजान सकिएको छैन ।'



उनले जलविद्युत आयोजनामा ३० प्रतिशत लगानी आईपीओबाट संकलन गर्ने योजना बनाए पनि आईपीओ रोकिँदा आयोजना आयोजनाहरु समस्यामा परेको बताएका हुन् । अध्यक्ष कार्कीले १ हजारबाट अहिले ५ हजार लगानी गर्नसक्ने वातावरण बनेको बताउँदै पुँजी बजारमा करिव ४५ लाख बढी नेपालीहरुले जलविद्युतको शेयरमा लगानी गरेको बताए । उनले स्थायी सरकार बनेकाले अब केही काम हुने आशा व्यवसायीहरुमा पलाएको पनि बताए । उनले जलविद्युत क्षेत्रको विकास गर्न व्यवसायीहरु उत्साहित भएपनि पछिल्लो समय धेरै समस्याहरु आइरहेको पनि कार्कीले बताए । उनले विद्युत विधेयक जस्ताको त्यस्तै पास भए व्यवसायीहरु पलायन हुनुपर्ने बताउँदै विधेयकले जलविद्युत विकास गर्ने तर नेपालका निजी क्षेत्रको लगानी निरुत्साहित गर्ने बताए ।

karobar

कारोबार

# जलविद्युतमा विदेशी लगानी ल्याउन वातावरण बनाइन्छ



काठमाडौं (कास)- अर्थमन्त्री विष्णु पौडेलले नेपालको ऊर्जा क्षेत्रमा विदेशी लगानी ल्याउनका लागि सरकारले वातावरण निर्माण गर्ने बताएका छन् । इप्पान र उपायको संयुक्त आयोजनामा बुधवार काठमाडौंमा आयोजित 'अनलकिङ इन्भेष्टमेन्ट' कार्यक्रममा मन्त्री पौडेलले नेपालको समृद्धिका लागि जलस्रोतको उच्चतम उपयोग गर्नुपर्ने बताएका हुन् ।

ऊर्जा उत्पादन र निर्यातमा भन्दा पनि आन्तरिक खपतमा जोड दिनुपर्ने उनले बताए । नेपालको अधिकतम उत्पादन नेपालमै खपत हुने गरी ठूला बहुराष्ट्रिय कम्पनीलाई नेपालमा उद्योग लगाउन प्रोत्साहन गर्ने नीति सरकारले लिने पौडेलको भनाइ थियो । ऊर्जा उत्पादनमा समय र जवानी लगाएका ऊर्जा उद्यमीहरुले समस्या छन् भनेर थाक्न नपाइने भन्दै मन्त्री पौडेलले समस्याहरु एकएक गरी समाधान गर्न वृहत् छलफलमा आउन आग्रह गरे । नेपालको ऊर्जा क्षेत्रको यत्तिको प्रगतिलाई प्रगति मानेर बस्न नहुने भन्दै उनले हिउँदमा पनि विद्युत आयात गर्नु नपर्ने ठाउँमा नेपाललाई छिटो पुऱ्याउनुपर्नेमा जोड दिए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले नेपाली बैंकहरुले विदेशी लगानीका ठूला विद्युत आयोजनामा ऋण लगानी गरेका कारण स्वदेशी जलविद्युत आयोजनाले लगानी नपाएको बताए । 'बैंकहरुसँग जलविद्युतमा गर्ने लगानीको एउटा सानो सीमा छ,' कार्कीले भने, 'विदेशी लगानीका आयोजनामा गरिएको ऋण लगानी देखाउँदै स्वदेशी जलविद्युत आयोजनामा लगानी गर्ने सीमा सकियो भन्छन् । विदेशी लगानीका आयोजनामा गरिएको लगानीलाई सीमाभन्दा बाहिर राख्ने वा विदेशी लगानीका आयोजनामा नेपाली बैंकले लगानी गर्न नपाउने व्यवस्था गर्न आवश्यक भइसकेको छ ।'

विद्युत विधेयकले नेपाली निजी क्षेत्रलाई निस्तेज गर्न खोजेको, निर्माणाधिन ३० भन्दा बढी जलविद्युत आयोजनाले आईपीओ निष्काशनका लागि धितोपत्र बोर्डमा निवेदन दिएकोमा लामो समयदेखि अनुमति नदिएर आयोजनालाई मरेतुल्य बनाइएको, स्थानीय तहबाट दोहोरो कर माग गरिएको, १ प्रतिशत भन्सारमा हुने काममा २८ प्रतिशत भन्सार पुऱ्याइएको र सरकारले दिन्छु भनेको प्रतिमेगावाट ५० लाख रुपैयाँ भ्याट छुट अहिलेसम्म पनि नपाएको भन्दै अध्यक्ष कार्कीले अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराए ।

आईएफसीका नेपाल निर्देशक बाबाकर फायले आईएफसीले नेपालको निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिएको बताए । उनले ऊर्जा परियोजनामा लगानी गर्दै आएको र भोलिका दिनमा पनि नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाउन तयार रहेको प्रतिवद्धता जनाए । डोल्मा इम्प्याक्ट फण्डका कार्यकारी निर्देशक विद्यावारिधी सिग्देलले नेपाली बैंकहरुले वर्षेनी ४०-५० अर्ब रुपैयाँमात्रै ऊर्जामा लगानी गर्न सक्ने भएकाले स्वदेशी लगानीबाटै १० हजार मेगावाट उत्पादन गर्न ४० वर्षभन्दा बढी समय लाग्ने बताए । विदेशी लगानी लिएर ऊर्जाको दीगो विकास गर्न सकिनेमा जोड दिँदै उनले त्यसका लागि नेपाली जलविद्युत उद्यमीले वातावरण, समाज र सुशासन (इएसजी)मा जोड दिनुपर्ने बताए । उपायका कार्यकारी निर्देशक सुमन रायमाझीले उपायमा विदेशी लगानी नल्याएको भए आज यो उचाइ लिन नसकिने भन्दै ऊर्जा आयोजनाले पनि विदेशी लगानी ल्याउनका लागि ईएसजीलाई ख्याल गरेर अघि बढ्नुपर्ने बताए ।

annapurnapost.com
अन्नपूर्ण पोस्ट

# जलविद्युत्मा विदेशी लगानी ल्याउन सरकारले वातावरण बनाउँछ : अर्थमन्त्री पौडेल

**काठमाडौं** (अन्नपूर्ण) : उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले नेपालको ऊर्जा क्षेत्रमा विदेशी लगानी ल्याउनका लागि सरकारले वातावरण निर्माण गर्ने बताएका छन्।

बुधबार ईप्पान र उपायको संयुक्त आयोजनामा काठमाडौंमा आयोजित अनलकिङ इन्भेस्टमेन्ट कार्यक्रममा बोल्दै मन्त्री पौडेलले नेपालको समृद्धिका लागि जलस्रोतको उच्चतम उपयोग गर्नुपर्ने भन्दै ऊर्जा उत्पादन र निर्यातमा भन्दा पनि ऊर्जाको आन्तरिक खपतमा जोड दिनुपर्ने बताए।

नेपालको अधिकतम उत्पादन नेपालमै खपत हुने गरी ठूलाठूला बहुराष्ट्रिय कम्पनीलाई नेपालमा उद्योग चलाउन प्रोत्साहन गर्ने नीति सरकारले लिने पनि पौडेलले बताए।

ऊर्जा उत्पादनमा समय र जवानी लगाएका ऊर्जा उद्यमीहरूले समस्या छन् भनेर थाक्न नपाइने भन्दै मन्त्री पौडेलले समस्याहरू एकएक गरी समाधान गर्न बृहत् छलफलमा आउन ऊर्जा उद्यमीहरूलाई आग्रह गरे। नेपालको ऊर्जा क्षेत्रको यत्ति प्रगतिमा सन्तोष मानेर बस्न नहुने भन्दै उनले हिउँदमा पनि विद्युत् आयात गर्न नपर्ने ठाउँमा नेपाललाई छिटो पुर्‍याउनुपर्नेमा जोड दिए।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष



गणेश कार्कीले नेपाली बैंकहरूले विदेशी लगानीका ठूला विद्युत् आयोजनामा ऋण लगानी गरेका कारण स्वदेशी जलविद्युत् आयोजनाले लगानी नपाएको बताए।

'बैंकहरूसँग जलविद्युत्मा गर्ने लगानीको एउटा सानो सीमा छ,' कार्कीले भने, 'विदेशी लगानीका आयोजनामा गरिएको ऋण लगानी देखाउँदै स्वदेशी जलविद्युत् आयोजनामा लगानी गर्न सीमा सकियो भन्छन्, विदेशी लगानीका आयोजनामा गरिएको लगानीलाई सीमाभन्दा बाहिर राख्ने वा विदेशी लगानीका आयोजनामा नेपाली बैंकले लगानी गर्न नपाउने व्यवस्था गर्न आवश्यक भइसकेको छ।'

कार्यक्रममा विद्युत् विधेयकले नेपाली निजी क्षेत्रलाई निस्तेज गर्न खोजेको, निर्माणाधीन ३० भन्दा बढी जलविद्युत् आयोजनाले आईपीओ निष्कासनका लागि धितोपत्र बोर्डमा निवेदन दिएकोमा लामो समयदेखि अनुमति नदिएर आयोजनालाई मरेतुल्य बनाइएको, स्थानीय तहबाट दोहोरो कर माग गरिएको, एक प्रतिशत भन्सारमा हुने काममा २८ प्रतिशत भन्सार पुर्‍याइएको र सरकारले दिन्छु भनेको प्रतिमेगावाट ५० लाख रुपैयाँ भ्याट छुट अहिलेसम्म पनि नपाएको भन्दै अध्यक्ष कार्कीले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलको ध्यानाकर्षण गराएका थिए।

कार्यक्रममा आईएफसीका नेपाल निर्देशक बाबाकर फायले आईएफसीले नेपालको निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिएको बताए। उनले ऊर्जा परियोजनामा लगानी गर्दै आएको र भोलिका दिनमा पनि नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाउन तयार रहेको बताए। कार्यक्रममा बोल्दै डोल्मा इम्प्याक्ट फन्डका कार्यकारी निर्देशक विद्यावारिधि सिग्देलले नेपाली बैंकहरूले बर्सेनि ४०/५० अर्ब रुपैयाँ मात्रै ऊर्जामा लगानी गर्न सक्ने भएकाले स्वदेशी लगानीबाटै १० हजार मेगावाट उत्पादन गर्न ४० वर्षभन्दा बढी समय लाग्ने बताए। उनले विदेशी लगानी लिएर ऊर्जाको दिगो विकास गर्न सकिनेमा जोड दिँदै त्यसका लागि नेपाली जलविद्युत् उद्यमीले वातावरण, समाज र सुशासन (ईएसजी)मा जोड दिनुपर्ने बताए।

उपायका कार्यकारी निर्देशक सुमन रायमाझीले उपायमा विदेशी लगानी नल्याएको भए आज यो उचाइ लिन नसकिने भन्दै ऊर्जा आयोजनाले पनि विदेशी लगानी ल्याउनका लागि ईएसजीलाई ख्याल गरेर अघि बढ्नुपर्ने बताए।